## लेखापरीक्षणको आधार तथा लेखा संग सम्बन्धित टिप्पणी□कैफियत□सुझावहरु

### १. लेखापरीक्षणको आधार

हामीलाई त्यस नगरपालिका बाट आ.व. ०७०□०७१ को लेखापरीक्षणको लागि नियूक्ति गरिए अनुसार, स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४, नेपालमा सामान्यतया अपनाइने लेखापरीक्षणमान र प्रचलित लेखापरीक्षण व्यवहारमा समेत आधारित भै लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### २. लेखापरीक्षणको सिमा क्षेत्र

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष ०७०□०७१ को पेश भएका श्रेस्ता, खाता र विल भर्पाई र सोको आधारमा तयार पारिएको वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु प्रति नगरपालिका व्यवस्थापनको उत्तरदायित्व रहने छ र उक्त विवरणहरु प्रति आधारित भै लेखापरीक्षकको राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व रहेको छ ।

लेखापरीक्षण प्रक्रियाको सम्बन्धमा कुनैपनि सिमागत बाध्यता गरिएको छैन ।

### ३. बजेट र वास्तविक वित्तीय कारोवारको विश्लेषण :

१. नगरपालिकाले आ.ब. ०७०□०७१ को लागि कार्यक्रम तर्जुमा गर्दा वार्षिक बजेट तथा वास्तबिक आदानी तथा खर्चको बिश्लेषण यसै प्रतिवेदनको अनुसुची १ (आम्दानी) र अनुसुची २ (खर्च) मा संलग्न गरीएको छ ।

२. नगरपालिकाले बजेट शिर्षक अर्न्तगत बिनियोजीत बजेट को परिधी भित्र रहेर खर्च भए गरेको देखीएन । यसरी खर्च गर्दा यदी बिनियोजीत रकम नपुग भएमा खर्च गर्नु पुर्ब सम्बन्धित शिर्षकमा रकमान्तर गरी खर्च गर्नु पर्ने देखीन्छ ।

### ४. आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण :

हामीले त्यस नगरपालीकाको वित्तीय व्यवस्थापनको विश्वसनीयताको लागि यसमा अपनाइएका विभिन्न आन्तरिक नियन्त्रण प्रणाली प्रक्रियाको सामान्य समिक्षा तथा परीक्षण गरेका छौ । यी समिक्षा तथा परीक्षणले सबै प्रकारका आन्तरिक नियन्त्रण प्रणालीका कमि कमजोरीहरु, लेखापरीक्षणमा अपनाइने छनौट प्रक्रिया (Sampling Method) भएकोले, प्रकाशमा नआउन सक्दछन । हामीले केहि आन्तरिक नियन्त्रण प्रणालीको पालना, यसमा सुधार र यस बिपरित भए गरेका तथ्यहरु यसै प्रतिवेदनको विभिन्न सम्बन्धित ठाउमा समावेश गरेका छौं । त्यस नगरपालिकाको निम्न क्षेत्रहरुमा आन्तरीक नियन्त्रण प्रणाली तथा आन्तरीक जांच प्रणाली अत्यन्त कमजोर रहेको देखीन्छ ।

1) लेखा शाखा र योजना शाखा बिच उचित तालमेल नभएको कारणले गर्दा योजनाका फाईलहरुको documentation त्यति मजबुत हुन सकेको देखिएन । सम्बन्धित कागजातहरु बेग्ला बेग्लै फांटमा राखेकोले एकरुपता पाईएन । योजना फांट र लेखा फांटमा docomentation तथा योजना रकम सञ्चालनमा उचित सम्मनय रहनु पर्ने देखिन्छ । यसै गरि लेखा फांट र राजश्व /आम्दानी फांटमा पनि सम्मनय रहनुपर्ने देखिन्छ ।

क) त्यस नगरपालिकाको नगद आम्दानीको कारोवारको संख्या र वारम्बारता तथा आम्दानी रकमको बिकेन्दीकृत बैंक दाखीला गर्ने प्रणाली रहेकोले बैंक हिसाब भिडान कम्तीमा मासिक रुपमा गर्नु पर्ने देखीन्छ । यसो नगर्दा बैंकमा गरिएको नगद दाखिला, भौचर अनुसार नियमित भैराखेको छ छैन आदि यकिन गर्न नसकिने ।

ग) नगरपालिकाले प्रयोगमा ल्याउने कर शुल्क दस्तुर आदी आम्दानीको रसिद नियन्त्रण खाता राजश्व शाखा तथा गा.न.सा.कार्यक्रम शाखा ले राख्नेगरेको पाईएन जस्ले गर्दा रसीदको प्रयोगको वास्तविक अवस्थाको जानकारी हुन नसक्ने अवस्था रहन्छ ।

## ५. लेखा अभिलेख र श्रेस्ताहरुको रखरखाव :

१. यस नगरपालिकाको आ.ब. ०७०□०७१ को हिसाब किताब साबिक बमोजिम सरकारी श्रेस्ता प्रणाली अनुसार राखिने गरिएको छ ।

२. नगरपालिकाले यस आ.व. मा सन्तुलन परिक्षण गरि खाताहरुको रेकर्ड भिडान गर्नुपर्नेमा कतिपय खाताहरुको मात्र लेजर तयार गरि रेकर्ड राखेको पाईयो । सम्पुर्ण खाताको रेकर्ड राख्न सुझाव दिईन्छ ।

३. आय शिर्षकगत संकलन रजिष्टरमा सो संग सम्बन्धित व्यक्ति, अधिकृतको सहि गरि सो रजिष्टरमा गरिएको प्रविष्टिलाई आधिकारिक रुप दिनुपर्ने सुझाव गरिन्छ ।

## ६. लेखा□न बिधी

त्यस नगरपलिकाको आ.ब. ०७०□०७१ को हिसाबकिताब साबिक बमोजिम सरकारी श्रेस्ता प्रणाली अनुसार राखिने गरिएको छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को परिच्छेद ३ नियम १९ अनुसार तीन बर्ष भित्रमा नगरपालिकाको लेखा संस्थागत लेखा प्रणाली (Corporate Accounting System) को आधारमा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्ने व्यवस्था भएकोमा गत विगतको लेखापरीक्षण प्रतिबेदनमा औंल्याइएको भएतापनि हालसम्म सो सम्बन्धमा

त्यस नगरपालिकाबाट कुनै पनि पहल भए गरेको देखिएन । सरकारी श्रेस्ता प्रणालीको आधारमा लेखा राख्दा नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण अन्योलमा रहन जान्छ । जस्तै:

क) नगरपालिकाको वासलात तयार नहुने हुंदा प्रस्तुत आर्थिक बिवरणबाट यसको आर्थिक अवस्थाको यथार्थ चित्रण गर्न नसकिने । जस्तै: नगरपालिकाको आफ्नो कोष, सम्पत्ती, जायजेथा तथा दायित्वको समग्रमा यकीन नभएको ।

- वासलात तयार नभएकाले तानसेन नगरपालिकाको जग्गा तथा भौतिक संरचनाको विवरण अनुसारको सम्पतिको जम्मा मुल्यको गएको वर्ष र यस आर्थिक वर्षमा भएको फेरबदल यकिन गर्न सकिएन ।

ख) नगरपालिकाको प्रत्येक बर्षको आर्थिक कृयाकलापको निचोड, खुद बचत/घाटा साथसाथै नगद प्रवाह विवरणको यकिन गर्न नसकिने ।

ग) नगरपालिकाको प्रत्येक बर्षको स्थिर सम्पतीको शुरु मौज्दात, यस बर्षको थप, ह्रासकँी गरेको नगरेको र बर्षको अन्तमा कति मुल्यको स्थिर सम्पती बांकी रहेको छ जानकारी हुन नसक्ने ।

घ) नगरपालिकाको संचित जगेडा कोषको अवस्था सकारात्मक वा नकारात्मक के छ र सो जगेडा कोषले संस्थालाई आईपर्ने दायित्व खाम्न पर्याप्त छ छैन आदिको जानकारी हुन नसक्ने ।

अत: त्यस नगरपलिकाको लेखा संस्थागत लेखा प्रणाली (Corporate Accounting System) को आधारमा दोहोरो लेखा प्रणाली अनुसार राख्नका साथै स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम ३९ अर्न्तगतको अनुसुची ३०, अनुसारको वासलात, अनुसुची २९ अनुसारको संतुलन परिक्षण, अनुसुची २७, अनुसारको आम्दानी खर्च बिवरण र अनुसुची ३१ अनुसारको सम्पती बिवरण आदि तयार गर्न सुझाव दिईन्छ ।

## आम्दानी

१. व्यवसाय□पेशा गर्ने व्यक्तिको दर्ता वा कोड सिस्टम राखि सोको नियन्त्रण गर्न सुझाव गरिन्छ ।

२. व्यवसाय□पेशा शुल्क संकलनको रसिद मा व्यवसाय□पेशा गर्नेको व्यवसायी दर्ता नं.,पान नं इत्यादी उल्लेख गर्न सुझाव गरिन्छ ।

३. व्यावसाय□पेशावालाहरुलाई वर्गिकरण गर्नु पर्ने र सो वर्गिकरणको कर असुली गर्ने रसिदमा बर्ग उल्लेख नगरिएको हुदा□कर असुली वर्ग अनुसार गरिएको छ□छैन यकिन गर्न सकिएन ।

४. लेखा शाखा र राजश्व शाखा बिच आम्दानीको मासिक रुपमा Reconciliation विवरण बनाएर सोहि अनुसार अभिलेख राख्नु पर्ने देखिन्छ ।

५. नगरपालिकाले आफुले प्रयोग गर्दै आएको भवनको तिरो तिरेको रकम संकलन गर्नु पर्ने देखिन्छ ।

६. एकिकृत सम्पत्ति कर अन्तर्गत विभिन्न व्यक्ति, संघ, निकाय संग असुलउपर गर्नुपर्ने कर दस्तुर र अन्य व्यक्यौता रकम जरिवाना सहित असुलउपर गर्नुपर्ने देखिन्छ ।

७) उद्योग सञ्चालन गरेबापतका कर /दस्तुरहरु उठाउनु को निमित्त केहि टोलि निर्धारण गरेर खटाउनु पर्ने देखिन्छ ।

८) ठेक्का व्यवसायिहरुको व्यापार व्यवसाय कर स्पष्ट निंधारण गरि परिसद निर्णयमा समावेस गर्नुपर्ने देखिन्छ ।

९) नक्सा दरखास्त फारममा उल्लेख भए बमोजिम नक्सा तयार गर्दा अपनाउनु पर्ने विधिहरु पूर्ण रुपमा नअपनाईएको पाईयो । जस्तै : उलेखित बुंदा नं ४,५,७ आदि ।

१०। व्यवसाय कर अर्न्तगत आ.व. २०७०।७१ मा पारित नगर विकास वार्षिक योजना अनुसार असुल गर्नुपर्ने रकम व्यवसायिबाट कम असुलउपर गरेको पाईयो ।

| व्यवसायको नाम | व्यवसाय कर | असुलउपर गरेको |
|---|---|---|
| सिद्धि हार्डवेयर | १८९८।०० | १७२५।०० |

११। फर्मको कारोबारको किसिम (उद्देश्य) नखुलाई कर निर्धारण गरेको पाईयो । जस्तै:

| सं.न. | नाम | व्यवसायीको नाम | रकम रु. |
|---|---|---|---|
| २३७ | वेनि प्रसाद गैरे | न्यू गैरे कम्प्युटर | ९५५।०० |
| २९० | यज्ञ प्रसाद पाण्डे | सृजना मोटर पार्टस | १२६५।०० |
| ३५६ | शिव प्रसाद पौडेल | साझा मोबाईल | १२६५।०० |

**१२। व्यवसाय कर नर्तिनेहरु**

| व्यवसायको नाम | चालु रकम रु. | वक्यौता रकम रु. | कैफियत |
|---|---|---|---|
| जनकपुर चुरोट कारखाना | ० | २०,०००।०० | हाल बन्द भएको |
| झवाली किराना पसल | ६३५।०० | २९९०।०० | किराना |
| ग्रामीण विकास बैंक | ३७९५।०० | ९८००।०० | वित्तिय सेवा /बैंक |
| लक्ष्मी बचत तथा ऋण सहकारी | १२६५।०० | ८८००।०० | आ. कारोबार |
| नेपाल टेलिकम | ५५००।०० | १००००।०० | टेलिकम |
| नेपाल □लिस प्रिपेरेटरी बोडि□ | १२६५।०० | ११५०।०० | निजी स्कूल |
| गौचन निर्माण सेवा | ६३५।०० | ३६५०।०० | ठेक्का व्यवसाय |
| लाली गुंरास लज | ७६०।०० | ४२००।०० | होटल |

१३। नगरपालिकामा सञ्चालित अन्य विभिन्न व्यवसायहरुलाई ( जस्तै: नयां खुलेका होटलहरु, बोर्डी□ स्कूलहरु, फेन्सी स्टोर्सहरु) पनि नगरापालिकामा दर्ता गराई व्यवसाय सञ्चालन कर तिराउनु आवश्यक पहल गर्नुपर्ने ।
वार्षिक योजना अनुसार ठूलो सभाहल भाडामा दिंदा यदि आयआर्जन कार्यक्रम सञ्चालनका लागि भाडामा दिएको भएमा रु.४०००।०० लिनुपर्नेमा कम लिईएको पाईयो ।

| मिति | भाडामा लिनेको नाम | रकम रु. |
|---|---|---|
| २०७०।०६।१८ | राज मञ्जुश्री नृत्य तथा अभिनय प्र. केन्द्र | ३५००।०० |
| २०७१।०२।२० | राष्टि्रय लोक तथा दोहोरी गित प्रतिष्ठान नेपाल | ३०००।०० |

१४। सभाहल बहालमा दिंदा कतिपयबाट बहाल रकम नै लिएको पाईएन ।

| मिति | नाम |
|---|---|
| २०७०।१०।२३ | नेपाल सेवा र्निवृत राष्ट□सेवक |
| २०७०।०५।१९ | महिला तथा बालबालिका सम्बन्धि कार्याक्रम |

१५। जुनसुकै सभाहल भाडामा दिएतापनि हल बुकि□ गर्दा अग्रिम पत्रकासाथ पूरै भाडा भुक्तानी लिनुपर्ने भएता पनि सभाहलको प्रयोग पछि मात्र भाडा लिने गरेको पाईयो । नगरपालिकाको सार्वजनिक जग्गामा पसल राखि व्यवसाय गर्नेहरुसंग मासिक भाडा असुलउपर गर्नुपर्नेमा कुनैपनि रकम असुलउपर नभएको पाईयो । जस्तै : २०६१ सालबाट असुलउपर गर्न बांकि रहेको :

| नाम | मासिक भाडा | कूल जम्मा |
|---|---|---|
| इसुफ मिया | १५००।०० | ७२०००।०० |
| बुद्ध रत्न शाक्य | २०००।०० | ९६०००।०० |
| प्रेम बहादुर शाक्य | १५००।०० | ७२०००।०० |

यस्तै गरि अन्य २६ जनाहरुले सार्वजनिक जग्गामा व्यवसाय गर्नेहरुले शुल्क नतिरेको पाईयो ।

१६। विभिनन व्यक्ति तथा निकायहरुले धेरै पहिले देखि नै एकिकृत सम्पति कर नतिरेको देखिन्छ । जस्तै उदाहरणको लागि:

| नाम | चालु रकम | वक्यौता रकम | जरिवाना |
|---|---|---|---|
| नेपाल खाद्य संस्थान | १८००।०० | ९४००।०० | २६४०।०० |
| अरुण कुमार रेग्मी | २५०००।०० | १०८५००।०० | २९६००।०० |

१७। ढल निकास तथा सरसफाई शुल्क असुल उपर गर्न बांकि रहेको उदाहरणको लागि :

| नाम | चालू रु कम | वक्यौता रकम |
|---|---|---|
| कमला आले | २००।०० | १०३०।०० |
| केशव रायमाझी | २००।०० | १५७०।०० |

१८। सडक बत्ति उपयोग शुल्क मासिक रु.१५।०० उठाउने भनिएतापनि अहिलेसम्ममा कार्यान्वयनमा नआएको पाईन्छ ।

१९। नगरपालिका भित्र घर बहालमा लिई संचालन भएका संघ संस्थाको घर धनिले तिर्नु पर्ने बहालकर (घरभाडाको २ प्रतिशत ) नतिरेको पाईयो । उदाहरणको लागि:

| घरधनिको नाम | ठेगाना | कार्यालय | मासिक बहाल रकम |
|---|---|---|---|
| किशोर भँ राई | ता.न.पा.९ | लोटस ई.बो.स्कूल | ३०००।०० |
| हरिहर शर्मा | ता.न.पा २ | विजु ई.बो.स्कूल | २५००।०० |

## <u>चालु खर्च</u>

१। OBA Project को सम्झौताका लागि मनोहर लाल शाक्य, विष्णु पौडेल कार्यालयको जीपमा काठमाडौं गएको तर फुटकर खर्च (आन्तरिक यातायात खर्च ) बापत रु. ४००।०० भुक्तानी दिएको पाईयो । साथै मिति २०७०।०७।०४ देखि २०७०।०७।०८ सम्म विष्णु पौडेल काजमा भएर भक्ता लिएतापनि हाजिरी रजिस्टरमा मिति २०७०।०७।०५ मा हाजिरी गरेको पाईयो । जस्तै : २०७०।०७।१३ भौ.नं. ८४ डे.डे. कर्मचारी भक्ता रु. ७२००।००

२। नगरपालिकाको प्राय दैनिक तथा भ्रमण खर्चको बिल, मा.ले.प.फा.न. ४ मा भ्रमणको उद्देश्य, नाम, दर्ता नं., कार्यालय आदि नखुलाएको र यस्तै मा.ले.प.फा.नं. ३ मा भ्रमण आदेशमा आदेश नं., मिति आदि नखुलाईएको पाईयो पाईयो । यस्ता फरामहरुमा आवश्यक विवरण सम्पूर्ण भरि/भराई मात्र भुक्तानी दिनुपर्ने देखिन्छ । जस्तै: २०७०।०७।१३ भै.नं ८१ डे. कर्मचारी भक्ता ४८००।००

३। नगरपालिकाले जिल्ला प्रशासन कार्यालयका कर्मचारी निरञ्जन ज्ञवालीलाई काठमाडौं गएबापत भुक्तानी गरेको पाईयो । उक्त कर्मचारीलाई भुक्तानी दिनुको कारण खुलाईएको पाईएन । साथै भिन्न कार्यालयको कर्मचारीलाई यसरी भक्ता भुक्तानी गर्दा कर्मचारी दुईवटै कार्यालायबाट भक्ता लिन सक्ने हुनाले यस प्रकारका भुक्तानीलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । जस्तै :२०७०।०७।१३ भै.नं. ८० डे. कर्मचारी भक्ता ८०००।००

४। कार्यालयको तर्फबाट लिखितम जवाफ दर्ता/ मुद्धामा पूर्वपक्ष पैखी गर्नका लागि सर्वोच्च अदालतमा कार्यालयकृ तर्फबाट वकालत गर्ने अधिवक्ता शिव प्रसाद देवकोटालाई बारम्बार खटाईएको । तर कानुनी परामर्श / सेवाको लागि अधिवक्तासंग पारिश्रमिक र अन्य सुविधा सम्बन्धि पहिले नै स्पष्ट निर्धारण गर्नुपर्नेमा कुनै खालको सम्झौता देखिएन । हाललाई अधिकृत तहको TADA होटल बास खर्च भुक्तानी गरिएको पाईयो ।
आगामी दिनहरुमा स्पष्ट सम्झौता गरेर पारिश्रमीक र भक्ता सम्बन्धि निर्धारण गरि , खर्च लेख्ने क्रममा फर्मका् VAT Bill गर्नहुन सुझाव दिन्छौं ।जस्तै :

| | | |
|---|---|---|
| २०७१।०३।३२ | डे. कार्यक्रम खर्च<br>के एड्भान्स फ्छ्यौट<br>के बैंक | ३९६२५।००<br>२००००।००<br>१९६२५।०० |

५। शान्ती प्रिन्टि□ प्रेसलाई कार्यालयलाई आवश्यक पर्ने मसलन्द (फारम छपाई) वापतको भुक्तानी गरेको तर भ्याट बिल समावेश नगरेको । साथै यस प्रकारका कार्य गर्दा शान्ती प्रिन्टि□ प्रेस र बज्राचार्य प्रिन्टि□ प्रेस (दुवै फर्मको एउटै प्रोपाईटर) संग बारम्बार कारोबार गरेकोले अन्य सूचिकृत पार्टीबाट पनि कारोबार गर्नहुन सुझाब दिईन्छ । जस्तै: मिति २०७०।१०।२७ भौ.नं. १८२ डे. कार्यालय सञ्चालन खर्च रु. २५२६०।०० ।

६। नगरपालिकाको कर्मचारी बाहेकको व्यक्ति माधव प्रधानलाई TADA वापतको भुक्तानी गरिएको । जस्तै : मिति २०७०।१०।०७ भौ. नं. १८३ विविध खर्च रु.६०००।००

७। नगरपालिकाको का.अ. निरन भँ राई विभिन्न मितिमा काजमा रहेतापनि मिति हाजिरी रजिस्टरमा हाजिरी गरेको पाईयो । जस्तै: मिति २०७०।०५।२५ भौ.नं. ४२ डे. कार्याक्रम खर्च रु. १७२६५।०० , मिति २०७०।०८।२४ भौ.नं. ११० दैनिक भत्ता रु.१५६१५।०० ।

८। होटल द वाईट लेकको बिल मिति २०७०।०९।२३ मा खाजा खर्च र खाना खर्च वापत रु.१४७९१।७० र रु.१७१०३।६८ को रकम भुक्तानी गरेको तर उक्त बिलमा खाजा/खानाको विवरण नखुलाई एकमुस्ट पठाईएको । बिलको विवरण खुलाउनुका साथै उक्त खर्च के संग सम्बन्धित हो र यदि कुनै गोष्ठीसंग सम्बन्धित भए सो गोष्ठीको हाजिरी लगायत अन्य आवश्यक कागजातहरु खर्च भौचरसंग संलग्न गर्नहुन सुझाव दिन्छौं । जस्तै: मिति २०७०।१०।०२ भौ.नं. १७४ डे. परिषद् सञ्चालन खर्च रु.३१८९५।३३ ।

९। रु.५००० भन्दा बढिको भुक्तानी हुंदा VAT Bill लिनु पर्ने ।
गत आ.व.को बिल मिति २०६९।१२।१२ को रकम भुक्तानी गरेको ।
कर कँी १५% गर्नुपर्नेमा १.५% गरेको ।

| | | |
|---|---|---|
| २०७०।०८।१० | डे. कार्यालय सामान खरिद | रु. १०११० |

१०। २०७०।०८।१७ विविध खर्च रु.८५००।०० उक्त रकम होटल अमृतलाई भुक्तानी गरेको र विवरणमा कार्याकारी अधिकृतको सहयोगी पवन नेपालले रकम बुझि पाहुना सत्कारमा खर्च गरेको उल्लेख भएको पाईयो ।

११। २०७०।०८।२४ रकम रु. १५६१५।०० का.अ. निरन भँ राईलाई भुक्तानी भ्रमण आदेशमा सहिछाप नभएको । कार्याकारी प्रमुखको भ्रमण आदेशको लागी सम्बन्धित निकायबाट आएको पत्र भौचरमा नराखिएको । तानसेनबाट काठमाडौंसम्म ट्याक्सी भाडा रकम रु. ५०००।०० लिएको तर उक्त खर्चको भर्पाई नराखेको ।

१२। २०७०।०९।१२ कार्यालय सञ्चालन खर्च रकम रु. १४०००।०० भौचरमा रकम बुझिलिने सेन्चुरी होटल एण्ड लजको सहिछाप नभएको ।

१३। २०७०।०९।१२ कार्यालय सञ्चालन खर्च रकम रु. २३०३४।२४, पौडेल कपडा उद्योगबाट ढाकाको सामान उपहार दिन भनि ल्याएको तर सो उपहार किन र कसलाई दिएको भन्नेबारे केहि पनि उल्लेख नरहेको ।

१४। २०७०।११।२१ भौ.नं. २११, २१० रकम रु. १६३८०।००, का.अ.को क्वाटरमा सहयोगिको रुपमा कार्यरत पवन नेपालले पटक पटक गरि हरेक महिना जसो विभिन्न बिलवापट भुक्तानी बुझ्ने गरेको भेटियो तर उक्त खर्चहरु अत्याधिक देखिने गरेको । जस्तै :
१। पाहुना सत्कार होटल बास तथा खाना खर्च रु. ९४००।००

२।ग्यास रिफिल (परिमाण ३ थान) रु. ४४१०।००
३।अफिस ब्याग (परिमाण २ थान) रु. ४७००।००
४।अन्य रु. ५६८०।००
५।नेपाल नक्सा (परिमाण ३ थान) रु. ६७५०

१५। २०७०।१२।०६ भौ.नं.२२६ कुल रु.१२३१५।००, कार्यालय सञ्चालन खर्च अन्तर्गत रु. ६८००।०० सेवा खर्च सरह फछ्र्यौट गरिएको जसमध्ये फोनको रिचार्ज कार्ड वापत कूल रु.४९००।०० को भुक्तानी भएको भेटियो, कसलाई के बापत यो सञ्चार खर्च भुक्तानी गरिएको नखुलाईएको ।

१६। २०७१।०२।१६ भौ.नं. २६९ कार्यालय सामान रु.११६०५।००, एउटै पार्टी प्रिया ईन्टरप्राईजेजबाट खरिद गरिएको कार्यालय सामानको लागि एउटा भ्याट बिल र अर्को कच्चा बिल (ईसटिमेट) समावेश गरिएको । VAT मा दर्ता संस्थाबाट कच्चा बिल पनि जारी गरिएको देखिएको । यस्तो बिलमा भुक्तानी दिन नहुने देखिन्छ ।

१७। २०७१।०२।२७ भौ.नं. कार्याक्रम खर्च रु.५०,०००।००, का.अ. निरन भँ राई□रा पेश्की फछ्र्यौट गरिएको । श्रील□ भ्रमणमा दैनिक भ्रमण भक्ता वापतको खर्च । के कति खर्च, कस्तो किसिमको खर्च, सम्पूर्ण खर्चको विवरण, दैनिक तथा भ्रमण खर्चको बिल, भ्रमण आदेश, मन्त्रालय□रा प्राप्त काजको पत्र, आयोजक संस्थाको पत्र, भ्रमण तथा दैनिक खर्च संस्था□रा के कति बेहोरिने सर्तहरु, सुविधाहरु आदि सम्बन्धि कुनै कागजात संलग्न नरहेको । निवेदनको आधारमा कार्यकारी अधिकृत□रा पेश्की फछ्र्यौट गरिएको ।

१८। २०७०।११।२६ भौ.नं. २१५ लक्षिक्षत महिला तथा बालबालिका कार्याक्रम रु.५६४६०।०० पूंजिगत शिर्षक अनुसारको खर्च रकम चालुगत खर्च खाताबाट खर्च बांधेर भुक्तानी दिईएको । संलग्न बिलहरु रु.१००००।०० भन्दा माथिको बिलहरु रहेकोले भ्याट बिल समावेश गर्नुपर्नेमा प्यान बिल समावेश रहेको पाईयो ।

१९। २०७०।१२।२० भौ.नं. २३१ कार्यालय सञ्चालन रु.९९४४०।००, कर्मचारीहरुको Training संग सम्बन्धित खर्चहरुको भुक्तानी का.अ.□रा स्वीकृत गर्ने क्रममा उक्त Training को विवरण ( उपलब्धि, प्रभावकारीता, विषयवस्तु, अवधि, हाजिरी र Training लिने कर्मचारी संख्या आदि खुल्ने खालको कागजात समावेश गर्नुपर्ने ।

## पूंजिगत खर्च

२०७०।०४।२१ भौ.नं. ३४ शहरी शासकिय क्षमता विकास कार्याक्रम डे. रु.१९५०००।०० ( वडा नं. ०६, दशरथको घरदेखि रिडी जाने )
उपभोक्ताको संलग्नतामा सञ्चालन हुने यस्ता योजनाहरु स्वीकृत गर्न अघि उपभोक्ता समिती गठन गर्ने निर्णय भएतापनि समितीको नाम, छाप, बैंक खाता आदि कायम भएको देखिदैन । यसकारण रकम भुक्तानी गर्ने बेलामा समितीको बैंक खातामा A/C Payee Cheque नदिएर समितीको अध्यक्षको नाममा चेक भुक्तानी भएको देखियो ।
कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा परिमाण र रकमको तेरिज नापी फारमको मिति २०७०।०३।२५ ले कार्य सम्पन्न भएको बुझांउछ तर गणेश हार्डवेयरबाट निर्माण सामाग्री रु.२३३९१।०० बराबरको सिमेन्ट खरिद गरेको बिल मिति २०७०।०४।१४ रहेको पाईयो । यसकारण यो बिलको आधारमा भुक्तानी दिन नमिल्ने देखिन्छ ।

२०७०।०६।०२ भौ.नं. १५० डे. शहरी विकास ६८९४५।००
विभिन्न मितिमा Hotel Indreni & Restaurant बाट आएको Estimate बिलको आधारमा रकम भुक्तानी भएको र उक्त बिलमा स्पष्ट विवरण (कुन मितिमा को बसेको, कसले खाएको, के सं सम्बन्धित हो आदि) उल्लेख नभएको ।

२०७०।०४।१९ भौ.नं. २६ डे. शहरी शासकिय क्षमता विकास कार्याक्रम रु.४१७०५८।०० (वडा नं. ८, जे.भि.टि. देखि श्याम रानाको घरसम्मको बाटो पि.सि.सि.)
ठेक्का लिएको संस्था ओखलढु□ा तामा□ कन्स्ट्रक्सनको नाउमा रु. ३६९०९६।१३ भुक्तानी हुनु पर्नेमा अर्को ठेकेदार संस्था D.B Construction को नाउंमा चेक काटेर भुक्तानी भएको देखियो । चेक नं. ०७२२२४५ चेक मिति २०७०।०४।२० ।

२०७०।०४।१५ भौ.नं. १८ डे. संचार, पत्रपत्रिका, स्थानीय रेडियो रु. ३०००।००
ना.सु. को बील,निवेदन अनुसार संचार खर्च भुक्तानी भएको तर उक्त भुक्तानी का.अ. ले रिचार्ज कार्ड खरिद गरेबापतको रहेको भन्ने बुझिएको ।
चालु प्रकृतिको उक्त खर्च पूंजिगत खाताबाट भुक्तानी भएको ।

२०७०।१०।२८ भौ.नं. ४२३ डे. कन्टीनजेन्सी कँ ी खाता रु. १०११७।००
का.अ. को भ्रमण आदेशमा भ्रमण गर्ने स्थान, उद्देश्य उल्लेख नरहेको । मिति २०७०।१०।२३ देखि २०७०।१०।२७ सम्मको काज देखिएको छ तर हाजिरी रजिस्टर हेर्दा मिति २०७०।१०।२३,२६,२७ गतेको हाजिरी रहेको देखिन्छ ।
भ्रमण भत्ता बिलमा स्थान पाल्पा / काठमाडौं लेखिएको भएतापनि हाजिरि रजिस्टरमा हेटौंडा उल्लउख गरेको भेटिन्छ । बैठकसंग सम्बन्धित अन्य कागजातहरु पनि केहि संलग्न नरहेकाले उक्त TADA खर्च पुष्टि नभएको ।

२०७०।१०।२७ भौ.नं. ४१५ मर्मत संभार कोष रु.४२५३९८।९६ (प्रभास बाघखोर बाटो मर्मत भुक्तानी)
Himdhung and Thokar Construction को नाउमा ठेक्का स्वीकृत भएको र काम भएको तर Jay Raktakali Construction Pvt. Ltd. को नाउमा चेक भुक्तानी भएको पाईयो ।
भुक्तानी लिने बेलासम्म सम्पन्न भएजति कार्यको ठेक्का प्रतिशत रकम अंकित ठेकेदार पार्टीको कर बिजक संलगन नरहेको ।
पँ ा कबुलियत एवं सम्झौता पत्रमा ठेकेदार कम्पनीको नाउ र संस्थाको छाप फरक परेको देखिन्छ ।
३ वटा पार्टीको दरभाउ पत्र मध्येबाट Him Dhung and Thokar Construction Pvt. Ltd. लाइृ छनौट गरिएको तर उक्त संस्थाको तर्फबाट प्रतिनिधि राम प्रसाद भँ को सहि रहेको तर तिनै प्रतिनिधि राम प्रसाद भँ अर्को पार्टी वा संस्था Jay Raktakali Construction Pvt. Ltd. को प्रोपाईटर रहेको देखिन्छ । यसरी हेर्दा ठेकेदार कम्पनी छनौट प्रकृयामा संलग्न रहेका ३ वटा पार्टीहरु मध्ये २ वटा पार्टी एक अर्कासग्ग सम्बन्धित रहेको बुझिएकाले ठेकेदार पार्टी छनौट प्रकृया प्रतिसप्रधात्मक तबरले सन्तोषजनक नरहेको ।

भौ.नं. ४०२ २०७०।१०।२७ डे. कन्टीनजेन्सी खर्च रु.३४०००।०० (कर्मचारी पेश्कि फछ्र्यौट, टेप खरिद रु.२२०००।०० र भ्रमण भत्ता रु.१२०००।००)
दैनिक तथा भ्रमण खर्चको बिल अनुसार काजको मिति गत आ.व.को रहेको । २०६९।०४।२२ देखि २०६९।०४।२८ सम्मको TADA, होटल बास खर्चको आधारमा भुक्तानी लिएको तर उक्त कर्मचारीहरु (रामजी कार्की, विष्णु पौड्याल) को Return Ticket अनुसार भ्रमण मिति (फर्किएको मिति) २०६९।०४।२५ देखिन्छ । यसकारण काजको अवधि अनुसारको भुक्तानी त्रुटिपूर्ण देखिन्छ ।
पेश्कि फछ्र्यौट गरि खर्च बांधिएको टेप खरिद बापतको रु. २२०००।०० को बिलमा खरिद गरिएका विभिन्न टेपहरुको मूल्यदर सामान्य बजार मूल्य भन्दा निकै अत्याधिक रहेको पाईयो ।
खरिद गरिएका उक्त सामानहरुको जिन्सी दाखिला (दाखिला प्रतिवेदन संलग्न नरहेको) भएको देखिएन ।

२०७०।१०।२७ भौ.नं. ४०१ डे. गाडी मर्मत रु.५६०००।००
आ.व. २०६७।६८ मिति २०६७।०८।२४ को बिलहरु रु.४८३६४।०० र २०६८।१०।१५ मितिको निवेदनको आधारमा हाल आएर भुक्तानी भएको पाईयो । यस खर्चको उक्त आ.व.मा भुक्तानी दिन बांकि विवरणमा उल्लेख नगरिएको । हरेक आ.व.मा खर्च भएर भुक्तानी दिन बांकि विवरणहरु तयार गर्नुपर्नेमा सो गर्ने गरेको पाईएन ।
२०७१।०१।२५ भौ.नं. ६८० डे. लक्षित, दलित, जनजाती, महिला कार्याक्रम रु. ३५००००।००
लोक सेवा तयारी परीक्षाको Training को लागि का.अ. □रा एउटा संस्था सामाजिक पुर्नजागरण केन्द्र नेपालसंग सिधा सम्झैता गरेको देखियो । कोटेशनहरु समावेश नगरिएको ।
पेश्कि फछ्र्यौट गरेर खर्च बांध्ने बेलामा उक्त संस्थाको बिजक / लेटर प्याड अथवा भर्पाई आदि केहि संलग्न नरहेको ।
सम्झौता अनुसार कूल ८२ जना लाभान्वित हुनुपर्ने भनिएतापनि उपस्थितिको सूचि अनुसार कूल ३६ र ३३ गरि कूल ६९ जना सहभागी भएको ।
सम्झौता पत्रमा उल्लेख भएको बुंदा नं. ८ अनुसार दोस्रो पक्षले तालिममा भागलिन आएका सबै सहभागीहरुको नियमित हजिरी गराउनुपर्ने छ र हाजिरीको आधारमा तोकिए बमोजिम कार्य सम्पन्न भएपछि मात्र भुक्तानी दिने भनिएतापनि भुक्तानी दिने बखतमा उक्त नियमित हाजिरी फारम / कागज संलग्न नरहेको ।
उक्त संस्थाले पेश गरेको प्रगति प्रतिवेदनमा प्रशिक्षक ९ जना उल्लेख भएतापनि आर्थिक प्रतिवेदनमा समावेश भएको प्रशिक्षक पारिश्रमीक भर्पाई विवरणमा कूल १२ जनाले भुक्तानी लिउको देखिन्छ । ती मध्ये ३ जना कार्यालयकै कर्मचारी रहेको बुझिन्छ । (का.अ निरन भँ राई रु. १०२००।००, विष्णु पौड्याल रु. ११४७५।०० र भरतप्रसाद आचार्य रु् ११४७५।००)
प्रशिक्षकहरुको हाजिरी समावेश नरहेको ।
कार्यालयका कर्मचारीहरु यस्तो खालको कार्याक्रममा समावेश हुंदा कार्यालयको नियमित कार्य सञ्चालनमा बाधा पर्ने देखिन्छ ।

## योजना

२०७०।०४।२१ भौ.नं. ४८ योजना शहरी शासकिय क्षमता विकास कार्याक्रम रु.३५९७०९।००
टुंडीखेल पर्खाल निर्माण कार्य
ठेकेदार कम्पनी सृजना कन्स्टक्सनसंगको सम्झौता पत्र (पँ। कबुलियत एवं सम्झौता पत्रमा) नगरपालिकाको तर्फबाट आधिकारीक व्यक्तित्व का.अ. निरन भँ राईको सहिछाप नरहेको साथै मिति र नेपाल सरकारको छाप नलगाईएको देखियो ।

२०७०।०४।२२ भौ नं. ३९ प्रकोप व्यवस्थापन रु. ६१२९३५।६९ (ओखलढुं□ा तामा□ कन्स्टक्सन)
ईस्टीमेट अनुसार रु.८२१४५६।१० बराबरको उक्त योजना सुरुमा अमानतमा गर्ने भनिएतापनि पछि ठेकेदार चयन गरि कार्य गराईएको । तर ठेकेदार संस्था चयन गर्ने प्रकृया टेण्डर अथवा कोटेशन बिनै गरिएको ।
रु.१५००००।०० को पेश्की फछ्यौट र ३७९१२१।२८ बराबरको रकम भ्यालुएशन चार्टको आधारमा ठेकेदार संस्थाको बिल र अन्य लागत सम्बन्धि बिल बिनै भुक्तानी गरिएको ।
नगरपालिकाले उपभोक्तासंग मिलेर खरिद गरेको निर्माण सामाग्री वापत रु. १७५७८६।१९ बराबरको भुक्तानी गत आ.व. मा भैसकेको । तर हालसम्म उक्त सामाग्री मध्ये कतिपय सामान प्रयोग नभई कार्यालय परिसरमै रहेको देखियो ।
ठेकेदारसंगको स्पष्ट सम्झौता, टेण्डर प्रकृया नभएको कारण हाल आएर काम रोकिरहेको देखियो । यस कार्याक्रम अन्र्तगत रु. १७५७६८।१९ र रु. ६१२९३५।६९ भुक्तानी भैसकेको तर अझै कार्य अधूरो रहेकाले थप लागत, खर्च हुने देखिन्छ । यस हिसाबले हेर्दा उक्त योजना अन्र्तगत आएको बजेटले थेग्न नसक्ने संथिति रहन्छ ।

आ.व २०७०।७१ ता न पा ३ टुंडिखेलमा प्रवेश□र तथा शौचालय निर्माण
टेण्डर आव्हान र ठेकेदार संस्था छनौट गर्ने प्रकृया पहिले कार्यलय आफैले तयार गर्ने लागत ईस्टीमेट फाईलमा संलग्न नरहेको ।
प्रकाशित गरिएको पत्रिकाको एक प्रति उक्त योजना फाईलमा संलग्न गर्नुहुन सुझाव दिन्छौं ।
मुचुल्का उठाएको पत्र फाईलमा देखिएन ।
छनौट भएको संस्थाको बैंक ग्यारेण्टी फाईलमा संलग्न नरहेको ।

ता.न.पा. ११ को वार्ड कार्यलय निमार्ण Contract Indentification No: 04/070/071 सम्भौता मिति:२०७०।१०।२७

च.नं. ३१३२ मिति २०७०।१०।२१ को ता.न.पा. को सम्भौता लागि उपस्थित हुने पत्रमा बैंक ग्यारेन्टी पेश गरी ७ दिन भित्र सम्भौता गर्नहुन अनुरोध छ भनि उल्लेख गरेको तर बैंक ग्यारेण्टी मिति २०७०।११।१३ मा बनाएको पाईयो ।

पहिलो रनि□ बिल फाईलमा नरहेको र दोस्रो रनि□को बिलको आधारमा भुक्तानीको लागी टिप्पणी उठाई भुक्तानी गरेको ।

Bidding Document (For Procurement of works) को BOQ मा Rate Quote गर्दा रेटहरु केरमेट भएको तर सो पहिले नै भएको या पछि भएको तर सो पहिले नै भएको या पछि भएको कुनै विवरण नभएको पाईयो ।

टेण्डर सम्बन्धि विज्ञापन दिएको पत्रिका फाईलमा संलग्न रहेको पाईएन ।

मिति २०७०।११।२८ मा D & D Builders ले नारायण भँ राईलाई अख्तियारीनामा दिएको तर उक्त व्यक्तिको नागरिकताको प्रतिलिपि फाईलमा समावेश नगरेको ।

बाटो तथा साईड नाली निमार्ण (आठमुरे, भोटेचौपारी, स्वामीडांडा देखि अर्चले धर्मशाला, तानसेन ९, Contract Indentification No: TAN/PLP/05/2070-71

माथि उल्लेखित कार्यको लागि शिलबन्दी बोलपत्र आव्हान गरे पश्चात, उक्त बोलपत्र नगरपालिका□रा प्राप्त गरि दर्ता गर्दा समय ११:४० प्राप्त गरेको श्रेष्ठ निर्माण सेवाको बोलपत्र दर्ता नं.८१३६ मा दर्ता कायम गरिएको तर समय ११:४५ प्राप्त गरेको विन्ध्यवासिनी निर्माण सेवाको बोलपत्र दर्ता नं.८१३५ मा दर्ता कायम गरिएको जसकारण टेण्डरको दर्ता प्रकृयामा त्रुटि हुन गएको देखिन्छ ।

साथै दर्ता गरे पश्चात, बोलपत्र खोलिंदा, कूलमा ९ जनाको उपस्थिति रहेको तर विन्ध्यवासिनी निर्माण सेवाको बोलपत्र खोल्दा मात्र ४ जनाको सहिछाप भएकाले टेण्डर खोल्ने प्रकृयामा पनि त्रुटि हुन गएको देखिन्छ ।

## उपभोक्ता समिती :

(क) उपभोक्ता समितीबाट बिकास खर्च निकासा गर्दा सो सम्बन्धी खर्च भएको रकमको सामान्यतया भ्याट/पान बिल पेश भए गरेको देखीएन ।

(ख) उपभोक्ता समिती मार्फत गरिएका बिकास खर्चहरुको योजना पुरा भएपछि यसमा लागेको कुल खर्च स्थानीय स्वायत्त शासन ऐन/नियमावली बमोजिम सार्वजनिक गर्नुपर्नेमा सो भए गरेको देखीएन ।

(ग) उपभोक्ता समिती मार्फत गरिएका बिकास निर्माणका कामहरु नगरपालीकाद्वारा समय समयमा सुपरिवेक्षण गर्ने साथै कार्य सम्पन्न भइसकेपछि सो को रेखदेख मर्मत सम्भार गर्नुपर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितीलाई हस्तान्तरण गर्नु पर्नेमा सो भए गरेको देखीएन ।

(घ) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ बमोजीम उपभोक्ता समिती मार्फत कार्य गराउंदा उपभोक्ता समिती संग गरेको संझौता पत्रमा कार्य सम्पन्न गर्ने मिती, सम्पन्न कामको सञ्चालन तथा मर्मत संभारको जिम्मा आदीको बारेमा उल्लेख हुनु पर्नेमा कतिपय संझौता पत्रमा सो कुराहरु उल्लेख भए गरेको देखीएन ।

(ङ) नगरपालिका बाट उपभोक्ता समीती मार्फत गरीएका बिकास निर्माण कार्यक्रमहरुको सम्बन्धमा उपभोक्ताले ब्यहोर्नु पर्ने अंश नगरपालिकाले आफ्नो न.पा. कोषमा जनसहभागीता भनी बाह्य श्रोत अर्न्तगत आम्दानी देखाउने गरीएको तर कतिपय योजनामा यसरी उपभोक्तासमुहले जम्मा गर्नु पर्ने आफ्नो अंशको पुरा रकम नगरपालिकामा जम्मा नगरेको र सो रकम योजनाको अन्तीम भुक्तानी गर्दा हिसाब मिलान गरी भुक्तानी गर्ने गरेको पाईयो ।

च) उपभोक्ता समीती मार्फत गराईएको बिकास निर्माण कार्यहरुको रकम मध्ये उपभोक्ता समितीले ब्यहोर्ने अंश बराबरको रकम उपभोक्ता समिती को बैंक खातामा जम्मा गरेको बैंक भौचर पेश गरे पछी मात्र नगरापलिकाले योजनाको संझौता गर्नु पर्नेमा सो अनुसार भए गरेको देखीएन । जस्तै : २०७०।०४।२१ भौ.नं. ३५ वडा नं ०६ रु.१०४०००।०० ( निसानधारादेखि वसन्तपूर जाने बाटो निर्माण समिति ) । सम्झौतापत्र अनुसार नगरपालिकाद्वारा रु.१०००००।०० बेहोरिने र उपभोक्ता समितीबाट रु.३००००।०० जम्मा हुनु पर्ने कूल बिनियोजित रकम रु.१३००००।०० रहेको, यस योजनामा उपभोक्ताद्वारा केवल रु.९०००।०० मात्र जम्मा गरिएको । जम्मा नभएको अपुग रकम कटाएर नगरपालिकाले खर्च बांधेर बांकि सबै रकम भुक्तानी दिएको देखियो ।

## सम्पत्ति:

**१. पेश्की लगानी**

नगरपालिकाको कतिपय पेश्की तथा अग्रिमहरु धैरे दिनदेखि फर्छ्यौट हुन बांकी देखिएकोमा यसरी म्याद नाघेको पेश्की तथा अग्रीमरकमहरु, स्थानीय निकाय (आर्थिक प्रसाशन) नियमावली २०६४ को नियम १०२ लाई लागु गरी पेश्की शिघ्र फर्छ्यौट गर्नुपर्ने देखिन्छ ।

धेरै पुराना पेश्कीहरु फर्छ्यौट गराउनुको निमित्त विशेष पहलका साथ लाग्नु पर्ने देखिन्छ ।

२. पेश्किको रेकर्ड कायम गर्ने क्रममा सञ्चालन तर्फ र कार्यक्रम तर्फका पेश्किहरुलाई भिन्दा भिन्दै रुपमा कायम गर्नुपर्ने हुन्छ । आय व्यय विवरणको अनुसुचि २७ को अनुरुप जम्मा पेश्कि रकमलाई कार्यक्रम तर्फ र सञ्चालन तर्फ छुट्याएर देखाउनुपर्नेमा गएको आ.व. मा सो अनुरुप गरेको पाईएन ।

## बैंक तथा तहबील मौज्दात

**क) तहबील मौज्दात**

स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २३२ अनुसार स्थानिय निकायले सानो नगदी कोषको लागी अधिकतम रु. २५ हजार सम्म मात्र नगद मौज्दात राख्न सकीने प्रष्ट व्यवस्था भएको र सो भन्दा बढी नगद मौज्दात भएमा नगरपालीकाले अबिलम्ब बैंक दाखीला गर्नुहुन सुझाव दिन्छौं ।

**ख) बैंक मौज्दात**

- नगरपालिकाले आ.ब. ०७०□०७१ मा बैक हिसाव भिडान (Bank Reconciliation) गर्ने गरेको देखिएन साथै नगरपालिकाले कम्तिमा मासिक रुपमा बैक हिसाव भिडान गर्नुपर्ने देखिन्छ ।
- बैंक खाताहरुको यस आ.व. को Closing Balance हेर्ने क्रममा बैंक Statement र कार्यलयले कायम गरेको बैंक नगदी खाता को ब्यालेन्स रकममा फरक पर्नुको

कारण पत्ता लगाई आगामी वर्षहरुमा यस्ता खालका समस्या दोहोरिन नदिन समय समयमा रेकर्ड भिडान गर्नुपर्ने देखिन्छ ।

**जिन्सी**

- स्थानीय निकाय (आर्थिक प्रसाशन) नियमावली २०६४ को नियम २१४(१) अनुसार बर्षमा एक पटक जिन्सीको भौतीक परीक्षण गरि प्रतिबेदन पेश गर्नु पर्ने मा सो अनुसार आ.ब. ०७०□०७१ मा भौतीक परीक्षण पेश गरिएको तर धेरै त्रुटीहरु देखिएकोले यस्तो प्रतिवेदन तयार गर्दा खाता, रेकर्ड र भौतिक निरिक्षणमा ध्यान दिनुपर्ने देखिन्छ ।
- स्थानीय निकाय (आर्थिक प्रसाशन) नियमावली २०६४ को नियम २१२(४) अनुसार मूल्य नखुलेको जिन्सी सामानको २१२(४) अनुसार मूल्य उल्लेख गरि लगत अद्यावधिक गर्नु पर्नेमा सो अनुसार भए गरेको नदेखीएको हुंदा उक्त कार्य अबिलम्ब सम्पन्नगरी लेखामा समावेश गर्नपर्ने देखीन्छ ।
- रेकर्डमा संख्या मात्र उल्लेख भएको तर दर र मुल्य अंकित नभएकाले के कति रकम बराबरका सामाग्री छन् भन्ने कुरा यकिन गर्न नसकिएको । खप्ने सामाग्रीहरुको ह्रासकट्टीको प्रावधान पनि अपनाउनु पर्ने देखिन्छ ।
- माग फारम भर्दा माग गर्ने शाखाको नाम उल्लेख गर्नुपर्ने देखिन्छ । माग फारम अनुसार खर्च (Issue) भएका सामाग्रीहरु माग गर्ने शाखा, बुझिलिनेको दस्तखत, माग भएको सामाग्री र अन्य आवश्यक विवरण खुल्ने खालको खाता कायम गर्नु पर्ने देखिन्छ । साथै Issue भएका सामाग्री को कसको प्रयोगमा छ भन्ने कुरा खुलाएर विवरण कायम गर्नुपर्ने देखिन्छ ।
- गाडी जस्तैः दमकल, जिप, टेक्टर, डोजर, आदिको लगबुकमा रेकर्ड राख्ने गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था, सञ्चालनमा भए, नभएको भन्ने बारे नगरपालिकाबाट कुनै परिक्षण भएको पाईएन । नगरपालिकाले समय समयमा सवारीसाधनको भौतिक परिक्षण गर्नुपर्ने देखिन्छ ।
- सभाकक्षमा भएका जिन्सि सामानहरुको सभाकक्ष भाडामा दिंदा प्रयोग भए नभएको , र सो सामानहरुको अवस्थाबारे समय समयमा निरिक्षण भएको पाईएन । साथै सो सामानहरु भाडामा दिंदा त्यसबाट भएको आयको छुँै विवरण तयार गर्नुपर्ने देखिन्छ ।

- नगरपालिका हल भित्र रहेको जेनेरेटरको लगबुक बनाएको पाईएन ।
- नगरपालिकामा भएका २ वटा टेक्टरहरु प्रयोगमा नभएको पाईयो । प्रयोगमा नआएका टेक्टरहरुलाई मर्मत संभार गरि प्रयोगमा ल्याउने कि लिलाम प्रकृयामा जाने निर्णय गरि सो अनुरुप कार्यान्योन गर्नु पर्ने देखिन्छ ।
- कार्यालय प्रयोजनका लागि खरिद गरिएका ल्यापटपहरु भौतिक परिक्षण गर्दा प्राय ल्यापटपहरु कार्यालयमा भएको पाईएन जसकारण सो ल्यापटपहरु कार्यालयको कार्यहरु गर्न प्रयोग नभएको भन्ने बुझिन्छ ।
- २०७०।०८।१३ मा भै.नं. २४९ बाट ३ वटा ल्यापटप खरिद भएको भएतापनि रजिस्टरमा सो मध्ये एउटा ल्यापटपको रेकर्ड भएको पाईएन । कूल १४ वटा ल्यापटप मध्ये, जिन्सी खाता बमोजिम ल्यापटपको स□ख्या १३ वटा देखिएको र एउटा रेकर्ड गर्न छुटेको । जसमध्ये ३ वटा बिग्रिएको अवस्थामा रहेको र बांकि
- ११ वटा ल्यापटपहरु निकासा गर्ने क्रममा ९ जना प्रयोगकर्ताको भर्पाई र सहिछाप भेटिएको तर कार्याकारी अधिकृत र स्टोर किपर स्वयंले प्रयोग गरेको ल्यापटपहरुको जिन्सी शाखाबाट निकासा गर्दा भर्पाई र सहिछाप भएको पाईएन ।
- निम्न उल्लेखित मोटरसाईकलहरुको जिन्सी शाखाबाट निकासा गर्दा माग फारम, भर्पाई र सहिछाप भएको पाईएन ।

| **मोटरसाइकल नं.** | **प्रयोगकर्ताको नाम** | **पद** |
|---|---|---|
| लु १ प ३९४ | जय प्र. उप्रेति | प्रहरी क. |
| लु १ प ३९५ | विशाल ओलि | सव ओभरसेयर |
| लु १ प ३९६ | विष्णु पौडेल | शाखा प्रबन्धक |
| लु १ प ३९७ | भरत आर्चाय | शाखा अधिकृत समाज कल्याण |
| लु १ प ४२२ | कौसल घिमिरे | लेखा अधिकृत |
| | मनोहर लाल शाक्य | ईन्जिनियर |

- जिन्सी खाता अनुसारको परिमाण र जिन्सी निरिक्षण प्रतिवेदन अनुसारको परिमाणमा फरक परेको देखिन्छ । जस्तै :

  १। जिन्सी खाता अनुसार फ्याक्स मेशिन ३ वटा भएतापनि निरिक्षण प्रतिवेदनमा २ वटा भनि उल्लेख भएको पाईयो ।
  २। जिन्सी खाता अनुसार डिजिटल क्यामारा ४ वटा भनि उल्लेख गरेतापनि निरिक्षण प्रतिवेदनमा ३ वटा मात्र भएको पाईयो ।
  ३। जिन्सि रजिस्टरमा १२ वटा डेक्सटप कम्प्यूटर भएतापनि २०७०।७१ को निरिक्षण प्रतिवेदनमा १० वटा मात्र रहेको पाईयो । सो फरकको कुनै

प्रतिउत्तर पाईएन । साथै प्रयोगमा भएका कम्प्यूटरहरु मध्ये कुन कम्प्यूटर कुन शाखामा कसले प्रयोग गरेको भन्ने विवरण केहि नराखेको पाईयो ।

४। मोटरसाईकलको कुल संख्या रजिस्टरमा ६ वटा उल्लेख भएको तर निरिक्षण प्रतिवेदनमा कुल ५वटा भनि उल्लेख भएको पाईयो ।

- गाउं नगर साझेदारीकार्यक्रम अर्न्तगत रहेको सम्पतीहरु नगरपलिकाको मुल हिसाबमा समाबेश गर्नु पर्ने मा सम्पुर्ण समानहरु समाबेश भए गरेको देखीएन ।
- नगरपालिकाले जिन्सी सामान (खप्ने सामान) को रेकर्ड राखेको भएतापनि त्यसको मुल्य नखुलेको, बास्तविक अवस्था जांच नगरिएको (Phsical Verification) तथा लामो अवधि सम्म पनि स्टोरमा दाखिला नहुने गरेको देखिन्छ ।
- प्रयोगमा नआएका धेरै पुराना सामानहरुको उचित प्रकिया अपनाई व्यवस्थापन गर्न सुझाब दिईन्छ ।

## दायित्व तथा कोष :

### (क) धरौटी

१. धरौटी खातामा कतिपय धरौटीहरु धेरै पुरानो अवधिदेखि आएको हुनाले सो रकमहरुको दायित्व छ□छैन यकिन गरि उपयुक्त प्रकृया अपनाई फिर्ता गर्नु नपर्ने धरौटी रकमलाई समायोजन गरि आम्दानीमा हिसाब मिलान गर्नु पर्ने देखिन्छ ।

२। धरौटि खाताको बैंक स्टेटमेण्ट, बैंक नगदि खाता (कार्यलयको लेंजर) र व्यक्तिगत लगतको धरौटि खाता अनुसार जम्मा रकममा फरक परेको देखिन्छ । यस कारण हिसाब भिंडान गर्नुपर्ने देखिन्छ

## जोखीम व्यवस्थापन

नगरपालिकाको नाममा रहेको सवारी साधन,उपकरण ( टाक्टर , टिप्पर, मोटरसाईकल, जिप, बरुण यन्त्र ) र अन्य स्थायी प्रकृतीको सम्पती फर्निचर, भवनहरुको बिमा गरेको देखीएन । भबिष्यमा हुने सम्भाबित दुर्घटना, हुलदंगा, आगजनी, आदि गतिबीधीबाट सुरक्षित हुनको लागी भवनहरुको समेत बिमा गरि जोखिम न्युनीकरण गर्न सुझाव दिईन्छ ।

नेपाल सरकारले सवारी साधनहरुको तेस्रो पक्ष बिमा अनीवार्य गर्नुपर्नेमा नगर पालिकाको स्वामित्व तथा भोग चलनमा रहेको सवारी साधनहरु जस्तै जिप तथा मोटरसाईकलहरुको बिमा गर्ने गरेको पाईएन ।

## आन्तरीक लेखापरीक्षण

१. स्थानीय निकाय (आर्थिक प्रसाशन) नियमावली २०६४ को नियम ३७ क अनुसार त्यस नगरपालिकाको आय व्यय श्रेस्ताको मासिक रुपमा लेखापरीक्षणगर्नु पर्नेमा त्यस नगरपालिकाको बार्षिक रुपमा आन्तरीक लेखापरीक्षण गरेको देखीन्छ । अत: मासिक रुपमा लेखापरीक्षण नगर्नाले सो अबधिमा भएको कमि कमजोरीलाई सच्याउन ढिलो हुने हुंदा यस तर्फ नगरपालिकाले बिशेष ध्यान दिनु पर्ने देखीन्छ ।

२. नगरपालिकाको चालु आ.ब. को लागी लेखापरीक्षण समिति गठन नभएको हुदा स्थानीय निकाय स्वायत्त शासन ऐन २०५५ को दफा ९४ को उपदफा २ बमोजिम लेखापरीक्षण समिति गठन गरी आन्तरिक लेखापरीक्षकले औल्याएको कैफियत तथा टिप्पणीहरुलाई छलफल गरी सुधार गर्दै लैजान पर्ने देखिन्छ ।

## गाउं नगर साझेदारी विकास कार्यक्रम (RUPP)

१. ऋण तथा ब्याज असुली रसिद बाट भएको आम्दानीलाई आम्दानी बर्गिकरण रजिष्टर तयार गरी दैनिक रुपमा आम्दानी बर्गिकरण रजिष्टरमा चढाउनु पर्ने देखीन्छ ।

२. Rupp अन्तर्गतको कर्जा आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण भर्नु पर्ने देखिन्छ । जस्तै : लगानि रकम, ब्याज दर, कर्जा र ब्याज भुक्तानि मिति, र अन्य आवश्यक जानकारीहरु ।

३. ऋण लगानी गर्दा ऋण लगानी निर्देशिका बनाई सो निर्देशिकामा उल्लेखित सेवा, शर्त, सुविधाको आधारमा लगानी गरिएको खण्डमा मात्र जोखिम कम गर्न सकिने भएकोले सो गर्नु गराउनु पर्ने तथा ऋण लगानी गर्दा प्राथमिकताको आधारमा गर्नुपर्ने देखिन्छ ।

४. लगानी स्वीकृती गर्नु पहिले निवेदकको परियोजना, प्रस्ताव माग गर्नुपर्ने र सो को औचित्यको लागि कार्यलयले निरिक्षण गरि निरिक्षकले दिएको प्रतिवेदनलाई आधार मानि स्वीकृती गरिनुपर्ने देखिन्छ ।

५. लगानी गर्ने क्रममा अलि ध्यान पु¥याई ऋणीहरुको सांवा र ब्याज दुवै समयमै तिर्न सक्ने क्षमता साथै आम्दानीको श्रोतहरु पनि समावेश गर्नुपर्ने देखिन्छ र सोहि श्रोतलाई मध्यनजर गरेर मात्र लगानी गर्न सुझाव दिईन्छ ।

६. यस कार्यक्रम अन्तर्गत ऋण असुलि तथा ब्याज प्राप्ती सम्बन्धमा कार्यलयबाट नियमित अनुगमन गरि ऋण भुक्तनी तथा ब्याज समयमा नहुनुको कारण सहित नगर परिषद्मा पेश गर्नुपर्ने र सो परिषद्ले गरेको निर्णय अनुसार गर्नु गराउनु पर्ने देखिन्छ ।

**<u>आयोजनाको जांच पास तथा फरफारक :</u>**

स्थानिय निकाय ( आर्थिक प्रशासन ) नियमावलि २०६४ को नियम ३० बमोजिम , नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन गरेको विकास निर्माण सम्बन्धि आयोजना सम्पन्न भएको १ महिना भित्र, कामको सुपरिवेक्षण गर्ने र १ तह माथिको प्रविधिक ले जांच बुझ गरि सो को प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउन सुझाव दिईन्छ ।
नगर क्षेत्रका साना ठूला योजना भैसके पश्चात माथि उल्लेख गरे बमोजिम कार्य सम्पन्नताको मुल्यांकन गर्ने क्रममा सम्पन्धित टोल विकास समिति, नागरिक समाज आदिहरुलाई समेट्नु पर्ने र ठूला ठूला आयोजनाहरुको कार्य सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई गराई प्रतिक्रिया, गुनासो आदि खालका कार्यक्रम गर्नु हुन पनि सुझाव दिईन्छ ।

## सामाजिक परिक्षण :

स्थानिय निकाय ( आर्थिक प्रशासन ) नियमावलि २०६४ को नियम २०१ अनुसार , स्थानिय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र सामाजिक परिक्षण गराउनु पर्ने छ तर नगरपालिकाले सो व्यवस्था बमोजिम सामाजिक परिक्षण गराएको पाईएन ।

## अन्य बिबिध

१. धरौटि खाता र पेश्कि खाताको व्यक्तिगत विवरण अनुसार गत आ.व. २०६९।७० को लेखापरिक्षण प्रतिवेदनको अन्तिम मौज्दात र यस आ.व. २०७०।७१ को अ.ल्या. संग फरक रहेको।

२. नगरपालिकाले आयकर ऐन २०५८ बमाृजिम आवश्यक श्रोतहरुमा नियम बमोजिम अग्रिम कर कट्टी गरि कट्टी गरेको रकम अर्को महिनाको २५ गते भित्र आ.रा.का. मा जम्मा गर्नु पर्नेमा कतिपयमा सो बमोजिम गरेको पाईएन ।

३. कर्मचारी प्रशासन शाखाले कर्मचारीको व्यक्ति विवरणलाई व्यवसथित गर्नुपर्ने तथा कर्मचारीहरु भ्रमणमा जांदा तयार गरिने भ्रमण आदेश नं उल्लेख गर्नुपर्ने देखिन्छ ।

४. कर्मचारीहरु बिदा बस्दा लिखीत रुपमा बिदा स्विकृत गराई बिदा बस्ने अथवा बिदा निबेदन पेश गर्न संभव नभएको अवस्थामा बिदा भुक्तानी गरि कार्यालयमा उपस्थित हुनासाथ निबेदन पेश गरि स्विकृती लिने व्यवस्था भएमा बिदाको रेकर्ड अद्यावधिक गराउन सुबिधा हुने हुंदा उक्त प्रक्रिया अपनाउन सुझाव प्रदान गरिएको छ ।

५. नगरपालिकाको करारमा नियुक्ति भएका कर्मचारी ईन्जिनीयर राजाबाबु डंगोललाई, आयकर नियमावली अनुसार कर कट्टी गरेर मात्र रकम भुक्तानी गर्नुपर्नेमा कम कर कट्टी गरि रकम भुक्तानी गरेको पाईयो ।

६. प्राय करारमा नियुक्ति भएको कर्मचारीहरुको फाईलमा करार नविकरण गरिएको पत्र समावेश गरेको पाईएन ।

७. नगरपालिकाले विगत बर्ष देखी विभिन्न पार्टीहरु लाइ पेश्की दिएको तथा आ.व. ०७०□०७१ को आषाढ मसान्त सम्ममा ति पेश्की रकम फछ्र्योट नभएको पाइएकोले स्थानिय निकाय

आर्थिक प्रशासन नियमावली २०६४ को दफा १९० बमोजिम अविलम्व पेश्की रकम फछ्र्योट गर्नुपर्ने देखिन्छ ।

८. सार्वजनिक खरिद नियमावलि,२०६४, परिच्छेद ३ को बुंदा १९ "स्थायी लेखा नं. र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासंग मात्र खरिद गर्नुपर्ने" को १ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनिबाट मात्र खरिद गर्नुपर्नेछ । यस नियमका अधिनमा रहि नगरपालिकाले खरिद कार्य गर्नहुन सुझाव दिन्छौं ।

९. योजना शाखाबाट गरिने कार्यहरुलाई बढी प्रभावकारी बनाउनको लागि नगर परिसद्बाट स्वीकृत योजना, विभिन्न दात्रिनिकायहरुको सहयोगमा सञ्चालित कार्यक्रमको सन्दर्भमा वार्षिक कार्य योजना बनाउनु पर्ने र सोहि अनुसार योजनाहरुको सुपरिवेक्षण गर्नु गराउनुहुन सुझाव दिन्छौं ।

१०. शिर्षक अनसार आउने बजेट र सो अनरुप खर्चका हरेक शिर्षकको Trail Balance तयार गरि मासिक भिडान गराउन□पर्ने देखिन्छ ।

११. खाता, हिसाब एवंम श्रेस्ता हरुको विवरण, ब्यालेन्स, कुल जम्मा रकम आदि ईत्यादि र सो संग सम्बन्धित data हरुको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । खाता अनुसार रेकर्ड भिडान गरि समय समयमा त्रुटिहरु कम गर्न साथै श्रेस्ता अध्यावधिक गर्न सजिलो हुने भएकाले data entry, श्रेस्ता, खाता, हिसाब हरुलाई computer प्रणालि प्रयोग गरि कायम गर्न सुझाब दिन्छौं ।

..............................

**सि. ए. प्रमोद पन्थी**

**प्रमोद पन्थी एण्ड एसोसिएट्स**

**चार्टर्ड एकाउन्टेण्ट्स**